# प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार वा अनुदान सहयोग रकम वितरण
# मापदण्ड, २०८१

समितिबाट स्वीकृत मितिः-२०८१/०३/१३

मुलुकमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज अनुसन्धान तथा विकासको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने वा पुऱ्याएका प्रतिभाशाली युवा, बालबालिका तथा अन्य व्यक्तिलाई पुरस्कार तथा अनुदान सहयोग रकम वितरण गर्ने कार्यलाई व्यवस्थित गर्ने प्रयोजनका लागि"प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र संचालन सम्बन्धी कार्यविधि, २०७८" को दफा १३ ले दिएको अधिकार प्रयोग गरी समितिले यो मापदण्ड बनाई लागू गरेको छ।

१.<u>संक्षिप्त नाम र प्रारम्भः-</u>

(क) यस मापदण्डको नाम "प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार वा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०८१" रहेको छ।

(ख) यो मापदण्ड तुरुन्त लागू हुनेछ।

२.<u>परिभाषाः</u>विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "कोष" भन्नाले प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ को दफा ३ बमोजिम स्थापित कोष सम्झनुपर्छ ।

(ख) "कार्यविधि" भन्नाले प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ सम्झनुपर्छ।

(ग) "समिति" भन्नाले कार्यविधिको दफा ६ बमोजिमको समिति सम्झनुपर्छ।

३.<u>पुरस्कार प्राप्त गर्ने योग्यता र मूल्याङ्कनका आधारहरुः</u> (१) देहायको योग्यता पुगेका युवा, बालवालिका तथा अन्य प्रतिभाहरु प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार प्राप्त गर्नको लागि योग्य हुनेछन्:

क. नेपाली नागरिक,

ख. फौजदारी अभियोगमा कसूरदार नठहरिएको,

ग. उच्च नैतिक चरित्र भएको,

घ. मुलुकमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको, वा

ङ. असाधारण प्रतिभा भएको, वा

च. वैज्ञानिक अन्वेषण तथा अनुसन्धान कार्यमा योगदान पुऱ्याएको।



CamScanner

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(२) पुरस्कार प्रदान गर्नको लागि उम्मेदवारको मूल्याङ्कनका आधारहरू अनुसूची-१ मा उल्लेख भएबमोजिम हुनेछन्।

४. <u>अनुदान सहयोग प्राप्त गर्ने योग्यता र मूल्याङ्कनका आधारहरु:</u> (१) देहायको योग्यता भएका युवा, बालबालिका, तथा अन्य व्यक्तिलाई उनीहरुमा निहित असाधारण प्रतिभा तथा नवप्रवर्तनको क्षमतालाई प्रवर्द्धन र उजागर गर्न राज्यबाट सहयोग गर्न आवश्यक छ भन्ने पुष्ट्याइँ र आधार भएको अवस्थामा कोषबाट अनुदान सहयोग प्रदान गरिनेछः-

क. नेपाली नागरिक,
ख. फौजदारी अभियोगमा कसूरदार नठहरिएको,
ग. उच्च नैतिक चरित्र भएको,
घ. नेपालभित्र वसोवास गरी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो प्रतिभा प्रदर्शनको माध्यमद्वारा नेपालको पहिचान अभिवृद्धि गरेको, वा
ङ. मुलुकको सामाजिक तथा आर्थिक विकासको लागि वैज्ञानिक वा अन्य अनुसन्धान कार्यमा उल्लेखनीय योगदान पुर्‍याएको,
च. असाधारण प्रतिभा भएको।

(२) अनुदान सहयोग प्रदान गर्नको लागि उम्मेदवारको मूल्याङ्कनका आधारहरु अनुसूची-२ मा उल्लेख भएवमोजिम हुनेछन्।

५. <u>पुरस्कार वा अनुदान सहयोग प्रदान गर्ने प्रक्रिया</u>: पुरस्कार वा अनुदान सहयोग प्रदान गर्दा देहाय वमोजिमको प्रक्रिया अवलम्वन गरिनेछः-

क. कार्यविधिको दफा ९ बमोजिम तयार भएको सूचीबाट समितिले यस मापदण्ड बमोजिम निर्धारित योग्यता पुगेका र आधारहरु पूरा गरेका दुईजना व्यक्तिलाई पुरस्कार वा अनुदान सहयोगको लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष सिफारिस गर्नेछ ।
ख. समितिको सिफारिसका आधारमा नेपाल सरकारले पुरस्कार वा अनुदान सहयोग प्राप्त गर्ने प्रतिभाको छनौट गरी पुरस्कार वा अनुदान सहयोगको घोषणा गर्नेछ।
ग. नेपाल सरकारको निर्णय वमोजिम पुरस्कार वा अनुदान सहयोगको लागि छनौट हुने युवा, बालबालिका वा अन्य व्यक्तिलाई प्रत्येक वर्ष असोज १ गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट पुरस्कार तथा अनुदान सहयोग प्रदान गरिनेछ।
घ. पुरस्कृत हुने वा अनुदान सहयोगको लागि छनौट हुने प्रतिभालाई रु. पाँच लाख नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ।



CamScanner

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार काठमाडौं

ङ. प्रत्येक वर्ष बढीमा दुई जना व्यक्तिलाई पुरस्कार वा अनुदान सहयोगमध्ये दुवै जनालाई पुरस्कार वा दुवै जनालाई अनुदान सहयोग का एकजनालाई पुरस्कार र अर्को एकजनालाई अनुदान सहयोग प्रदान गर्न सकिनेछ ।

६. <u>सूची तयार गर्ने प्रक्रिया</u>: कार्यविधिको दफा ९ को खण्ड (क) र (ख) को व्यवस्था अनुसार समितिले देहायको प्रक्रिया अवलम्बन गरी सूची तयार गरिनेछः-

क. मुलुकको शान्ति, सुशासन, नवप्रवर्तन, सूचना प्रविधि, वैज्ञानिक खोज अनुसन्धान तथा कृषि एवम् गैर कृषि क्षेत्र को विकासमा महत्त्वपूर्ण योगदान गर्ने व्यक्तिहरुबाट राष्ट्रियस्तरको दैनिक पत्रिकामा १० दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी अनुसूची-३ को ढाँचामा आवेदन वा सिफारिस माग गर्ने।

ख. बालबालिका तथा शारीरिक रुपमा अशक्त प्रतिभाहरूको हकमा निजको आफन्त एवम् निज संलग्न संस्था (जस्तैः शिक्षण संस्था, सरकारी कार्यालय वा गैर सरकारी संस्था ) मार्फत आवेदन पेश गर्न सकिनेछ।

ग. पुरस्कार वा अनुदान सहयोग प्रदान गर्नको लागि आवेदन माग गर्दा इमेलबाट समेत आवेदन लिन सकिने व्यवस्था मिलाउनु पर्नेछ।

घ. कुनै विश्वविद्यालय, शिक्षण संस्था वा नेपाल सरकार मातहतका निकाय, प्रदेश तथा स्थानीय तहले गरेको सिफारिसको आधारमा समेत समितिले सूची तयार गर्न सक्नेछ।

ङ. तोकिएको समयभित्र प्राप्त आवेदन वा सिफारिसहरु मध्येबाट समितिले पुरस्कार वा अनुदान सहयोग प्राप्त गर्ने दुई जनाको नाम सिफारिस गरी भदौ २८ गतेभित्र नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेश गर्नुपर्नेछ।

तर यो मापदण्ड लागू भएपछि पहिलो पटकको लागि मापदण्डको दफा ७ बमोजिमको विधि अवलम्वन गरिनेछ।

च. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि समितिले सरकारी कार्यालयहरू, विश्वविद्यालयहरू, सरकारी संस्थानहरू, राष्ट्रियस्तरका सञ्चार माध्यमबाट प्रकाशित प्रतिवेदन एवम् सूचनाका अधारमा समेत सूची तयार गरी पुरस्कारको लागि सिफारिस गर्न सक्नेछ।

७. <u>विशेष व्यवस्था</u>: यस मापदण्डको दफा ६ मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि यो मापदण्ड लागू भएपछि यस पटकलाई मापदण्ड स्वीकृत भएको दुई दिनभित्र प्रतिभाशाली व्यक्तिहरुको सूची सङ्कलन गर्ने प्रयोजनको लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा १० दिनको म्याद दिई सूचना प्रकाशन गरिनेछ। समितिले यस मापदण्डको आधारमा मूल्याङ्कन गरी भदौ मसान्तभित्र पुरस्कार वा अनुदान सहयोग प्रदान गर्ने आधार एवम् कारणसहित योग्यतम् दुई जना प्रतिभाको नाम नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष सिफारिस गर्न सक्नेछ।



CamScanner

## अनुसूची-१

(मापदण्डको दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

### प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार प्रदान गर्ने मुल्याङ्कनका आधारहरू

| क.सं | मूल्यांकनका आधारहरू | अंक भार |
|---|---|---|
| १. | मुलुकको शान्ति, सुशासन, नवप्रवर्तन एम् वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा उम्मेदवारको योगदानले पारेको सकारात्मक प्रभाव | ५० |
| २. | नवप्रवर्तनको स्तर र मुलुकको विकाससँग सम्बन्धित समस्या समाधानका लागि नविनतम् एवम् कार्यान्वयनयोग्य दृष्टिकोण | २० |
| ३. | उम्मेदवारले शान्ति, सुशासन, नवप्रवर्तन एवम् वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा पुऱ्याएको योगदान एवम् हासिल गरेको सफलताको स्तर | १० |
| ४. | उम्मेदवारले प्राप्त गरेको ख्यातीको स्तर | १० |
| ५. | शान्ति, सुशासन, नवप्रवर्तन एवम् वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा उम्मेदवारले पुऱ्याएको योगदानबाट प्राप्त सफलताको दिगोपना | १० |
| जम्मा | | १०० |



CamScanner

## अनुसूची २
(मापदण्डको दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

### प्रधानमन्त्री राष्ट्रिय प्रतिभा सहयोग प्रदान गर्ने मूल्याङ्कनका आधारहरू

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | अङ्क भार |
|---|---|---|
| १ | उम्मेदवारको प्रतिभाबाट मुलुकको सामाजिक, साँस्कृतिक क्षेत्र वा वैज्ञानिक अन्वेषण, खोज, अनुसन्धान तथा प्रविधि विकासमा पुऱ्याएको योगदानको स्तर | ४० |
| २ | उम्मेदवारको प्रतिभाबाट मुलुकको सामाजिक, साँस्कृतिक क्षेत्र वा वैज्ञानिक अन्वेषण, खोज, अनुसन्धान तथा प्रविधि विकासमा पुऱ्याएको योगदानको दिगोपना सुनिश्चित हुने आधार | २० |
| ३ | असाधारण प्रतिभा भएको तर आर्थिक तथा सामाजिकरूपमा पिछडिएका कारण निहित प्रतिभा उजागर गर्न असमर्थ भएको | २० |
| ४ | मुलुकको आर्थिक तथा सामाजिक विकास एवम् मानवजातिको बृहत्तर हितका लागि वैज्ञानिक अन्वेषण तथा अनुसन्धान कार्यमा उल्लेखनीय योगदान पुऱ्याउने सम्भावना | २० |
| जम्मा | | १०० |

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय



CamScanner

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची-३

(मापदण्डको दफा ६ को खण्ड (क) सँग सम्बन्धित)

## प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा सहयोग आवेदन

(व्यक्तिगत आवेदनका आधारमा सूची तयार गर्ने प्रयोजनका लागि)

| दुवै कान र मुखाकृति स्पष्ट देखिने फोटो |
|---|

दावी गरेको क्षेत्र: (कुनै एक छानुहोस)

पुरस्कार: ☐

सहयोग: ☐

| | |
|---|---|
| (१) पुरस्कार तथा सहयोगका लागि दावी गर्ने उम्मेदवारको नाम थर: | देवनागरीमा:- पहिलो.....................................बीचको....................................थर................... |
| | अङ्ग्रेजीमा (CAPITAL LETTER): First name...........................Middle name...............Surname........... |
| (२) जन्म मिति: | वि. सं.:- साल.......................... महिना..............................गते...................... |
| | ई. सं.:- YEAR.......................... MONTH.......................... DAY...................... |
| (३) ठेगाना: | स्थायी :- प्रदेश...................... जिल्ला.......................... गा.पा./न.पा............................................ वडा नं................... टोल....................................... |
| (४) सम्पर्क ठेगाना: | प्रदेश...................... जिल्ला.......................... गा.पा./न.पा...................... वडा नं...................टोल.......................................... सम्पर्क नं ............................................ इमेल ठेगाना:.................................................. अन्य:.................................................. |
| (५) नागरिकता:/ (बालबालिकाको हकमा जन्मदर्ताको प्रमाणपत्र) | नम्बर:.......................................जारी भएको जिल्ला:............................ |

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय



CamScanner

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| | |
|---|---|
| | जारी भएको मितिः............. <br> जारी गर्ने निकाय...........................(जन्मदर्ताको लागि स्थानीय तहको नाम) |
| (६) शैक्षिक योग्यताः | आफूले प्राप्त गरेको उच्चतम तीन शैक्षिक योग्यता खुलाउने |
| (७) आफू संलग्न संस्थाको विवरण | संस्थाको नाम र ठेगानाः................................................ <br> प्रमुख उद्देश्यः......................................................... <br> फोन नं. :................................, इमेल :................................ <br> वेबसाइट :........................................ <br> संलग्न अवधिः <br> मिति.......................................देखि..........................सम्म |
| (८) आफू आबद्ध संस्थामा तपाईँले गर्नुपर्ने कामहरू (बुँदागत रूपमा उल्लेख गर्नुहोस्): | १. ............................................................ <br> २. ............................................................ <br> ३. ............................................................ <br> ४. ............................................................ |
| (९) आफ्नो उल्लेखनीय योगदान रहेको वा रहन सक्ने क्षेत्र/विधा | (क) राष्ट्रिय प्रतिभा पुरस्कारका लागि <br> आफ्नो कुन विषयमा योगदान रहेको छ (✓) चिन्ह लगाउनुहोस्:- <br> ☐ शान्ति ☐ सुशासन ☐ वैज्ञानिक खोज, अनुसन्धान र विकास ☐ नवप्रवर्तन <br><br> (ख) राष्ट्रिय प्रतिभा सहयोगका लागि <br> आफ्नो कुन विषयमा योगदान रहेको छ (✓) चिन्ह लगाउनुहोस्:- <br> ☐ वैज्ञानिक अन्वेषण तथा अनुसन्धान कार्य <br> ☐ नवीनतम् प्रविधिको आविष्कार, <br> ☐ स्थानीय प्रविधिको स्तरोन्नति |
| (१०) मुलुकमा पुर्‍याएको योगदान सम्बन्धी विस्तृत विवरण <br> *क) प्रमुख योगदान (Key output के हो ?* <br> *ख ) योगदानको दिगोपना कसरी सुनिश्चित हुन्छ ?* | यी तीनओटै विषयहरू समेटी नेपाली वा अङ्ग्रेजी भाषामा ३०० देखि ५०० शब्द सम्ममा उल्लेख गर्ने। |

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय



CS CamScanner

| | | | |
|---|---|---|---|
| ग ) योगदानले पारेको सकारात्मक असर पुष्ट्याइं गर्ने आधारहरु के के छन् ? | | | |
| (११) आफूले पुऱ्याएको योगदानको क्षेत्रमा राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा प्राप्त गरेको पुरस्कार, सम्मान, प्रशंसापत्र वा उपाधिहरूको विवरण:- | १. ........................................<br>२. ........................................<br>३. ........................................ | | |
| (१२) आफूले योगदान पुऱ्याएको क्षेत्र वा उपलब्धिसँग सम्बन्धित प्रकाशित कृतिहरू केही भए सोको विवरण | १. ..........................<br>२. .................. | | |
| (१३) आफूले दावी गरेको क्षेत्र/विधामा संलग्न रहेको अवधि:- | ................................ देखि ................................ सम्म | | |
| (१४) आफ्नो परिचय, प्रतिभा र योगदानलाई पुष्ट्याइँ गर्ने प्रमाण वा कागजातहरूको सूची (चेकलिष्ट)<br>[प्रमाण पुष्टि गर्ने कागजातहरू मूल्याँङ्कनका आधारका रूपमा रहने छन्।] | नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (क्र.सं. ५ सँग सम्बन्धित)<br>(बालबालिकाको हकमा जन्मदर्ताको प्रमाणपत्र) | | |
| | शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (क्र.सं. ६ सँग सम्बन्धित) | संलग्न भएको | संलग्न नभएको |
| | आफू संलग्न संस्थामा संलग्न रहेको पुष्टयाइँ गर्ने आधार केही भए सोको प्रमाण/कागजात (क्र.सं. ७ सँग सम्बन्धित) | | |
| | आफूले पुऱ्याएको योगदान/ मुख्य उपलब्धिहरु (Key output) लाई पुष्टयाइँ गर्ने प्रमाण/कागजातहरू (क्र.सं. १० क सँग सम्बन्धित) | | |
| | आफ्नो योगदानको दिगोपनालाई पुष्टयाइँ गर्ने प्रमाण/कागजातहरू (क्र.सं. १० ख सँग सम्बन्धित) | | |
| | योगदानले पारेको सकारात्मक प्रभावलाई पुष्टि गर्ने प्रमाण/कागजातहरू (क्र.सं. १० ग सँग सम्बन्धित) | | |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय



CamScanner

| | | | |
|---|---|---|---|
| | आफूले पुऱ्याएको योगदानको क्षेत्रमा राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा प्राप्त गरेको पुरस्कार, सम्मान, प्रशंसापत्र वा उपाधिहरूको प्रमाण/कागजातहरू (क्र.सं. ११ सँग सम्बन्धित) | | |
| | आफूले योगदान पुऱ्याएको क्षेत्र वा उपलब्धिको बारेमा प्रकाशित कृतिहरूको हार्डकपी वा सफ्टकपी (क्र.सं. १२ सँग सम्बन्धित) | | |
| | आफ्नो प्रतिभा र त्यसले मुलुकको आर्थिक, सामाजिक, साँस्कृतिक, वैज्ञानिक वा मानवीय क्षेत्रको विकासमा पुऱ्याएको योगदान तथा पारेको सकारात्मक प्रभावलाई झल्काउने कुनै फोटो, वृत्तचित्र वा भिडियो क्लिपहरू | | |
| | सम्बन्धित क्षेत्र/विधामा आफू संलग्न रहेको अवधि पुष्टि गर्ने प्रमाणहरू (क्र.सं. १३ सँग सम्बन्धित) | | |

आफ्नो योगदानसंग सुपरिचित कुनै दुई व्यक्तिहरूको विवरण तल खुलाउनुहोस्:

| | |
|---|---|
| नाम, थर:- | नाम, थर:- |
| ठेगाना: | ठेगाना: |
| संलग्न क्षेत्र/संस्था:- | संलग्न क्षेत्र/संस्था:- |
| सम्पर्क<br>ठेगाना:............................................<br>............................................<br>सम्पर्क नं. : ....................<br>इमेल:- ............................ | सम्पर्क<br>ठेगाना:............................................<br>............................................<br>सम्पर्क नं : ....................<br>इमेल:- ............................ |

म हालसम्म फौजदारी अभियोगमा कसूरदार ठहरिएको छैन। मैले यस आवेदन फाराममा उल्लेख गरेका विवरण तथा फारामसाथ पेस गरेका कागजातहरू ठिक दुरुस्त छन्, झुठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला।

**मिति.............................**

**आवेदकको हस्ताक्षर.................................**

(हस्ताक्षरको स्क्यान कपि अपलोड गर्नुपर्नेछ।)

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं



CamScanner

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

# अनुसूची -४

(मापदण्डको दफा ६ को खण्ड (ख) र खण्ड (घ) सँग सम्बन्धित)

## विश्वविद्यालय/शिक्षण संस्था/नेपाल सरकार/ प्रदेश तथा स्थानीय तह/नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका अनुसन्धानमूलक वा प्राज्ञिक संस्थाले गर्ने सिफारिसको ढाँचा

सिफारिस गरिएको

पुरस्कार : ☐ सहयोग: ☐

| | |
|---|---|
| (१) सिफारिसकर्ता संस्थाको | नाम :<br>ठेगाना<br>सम्पर्क नं<br>ईमेल<br>वेबसाईट |
| (२) पुरस्कार तथा सहयोगका लागि सिफारिस गरिएको उम्मेदवारको | |
| नाम थर: | देवनागरीमा:-<br>पहिलो.......................बीचको...................................थर.................. |
| | अङ्ग्रेजीमा : First name.....................Middle name...............Surname.......... |
| जन्म मिति: | वि. सं.:- साल......................... महिना..............................गते.................... |
| | ई. सं.:- YEAR......................... MONTH........................ DAY...................... |
| स्थायी ठेगाना: | प्रदेश...................... जिल्ला..........................<br>गा.पा./न.पा.......................................... वडा नं..................<br>टोल...................................... |
| सम्पर्क ठेगाना: | प्रदेश...................... जिल्ला........................ गा.पा./न.पा......................<br>वडा नं....................टोल.......................................<br>सम्पर्क नं ...........................................<br>इमेल ठेगाना:..................................................<br>अन्य:................................................ |
| (३) नागरिकता/ बालबालिकाको हकमा जन्मदर्ताको प्रमाणपत्र | नम्बर:........................................जारी भएको जिल्ला:..........................जारी भएको मिति:.............. |

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय



CamScanner

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| | |
|---|---|
| | जारी गर्ने निकाय..............................(जन्मदर्ताका लागि पालिकाको नाम) |
| (४) उम्मेदवार कुनै संस्थासँग संलग्न रहेको भए संस्थाको विवरण | १) संस्थाको नाम र ठेगाना:........................................................<br>प्रमुख उद्देश्य:..........................................................................................<br>फोन नं. :....................................., इमेल :...............................................<br>वेवसाइट :............................................. |
| (५) सिफारिस गरिएका उम्मेदवारको उल्लेखनीय योगदान रहेको वा रहन सक्ने क्षेत्र/विधा | **(क) राष्ट्रिय प्रतिभा पुरस्कारका लागि**<br>कुन विषयमा योगदान रहेको छ (✓) चिन्ह लगाउनुहोस्:-<br>☐ शान्ति ☐ सुशासन ☐ वैज्ञानिक खोज, अनुसन्धान र विकास<br>☐ नवप्रवर्तन ☐ विकास<br>**(ख) राष्ट्रिय प्रतिभा सहयोगका लागि**<br>कुन विषयमा योगदान रहेको छ (✓)चिन्ह लगाउनुहोस्:-<br>☐ वैज्ञानिक अन्वेषण तथा अनुसन्धान कार्य<br>☐ नवीनतम प्रविधि आविष्कार<br>☐ स्थानीय प्रविधिको स्तरोन्नति |
| (६) सिफारिस गरिएका व्यक्तिले पुऱ्याएको योगदान सम्बन्धी विस्तृत विवरण<br>*(क) प्रमुख योगदान (Key output) के हो ?*<br>*(ख) योगदानको दिगोपना कसरी सुनिश्चित हुन्छ ?*<br>(ग) योगदानले पारेको सकारात्मक असर पुष्ट्याइं गर्ने *आधारहरू के के छन् ?* | यी तीनओटै विषयहरू समेटि नेपाली वा अङ्ग्रेजी भाषामा ३०० देखि ५०० शब्द सम्ममा उल्लेख गर्ने। |

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय



CS CamScanner

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

योगदान सम्बन्धी संलग्न प्रमाणहरू: (संलग्न प्रमाणहरू मूल्याङ्कनका आधार हुनेछन् ।

१)

२)

३)

यहाँ उल्लेख गरिएका प्रतिभाशाली व्यक्ति श्री                                        नेपाल सरकारद्वारा प्रदान गरिने राष्ट्रिय प्रतिभा पुरस्कार/सहयोगका लागि योग्य रहेको हुँदा सिफारिस गरिएको छ। उहाँलाई राष्ट्रिय प्रतिभा पुरस्कार/सहयोग वितरण भएमा पुरस्कार तथा सहयोगको गरिमामा वृद्धि हुने अपेक्षा गर्दछु।

दस्तखतः ...............................

सिफारिस कर्ताको नामः ..........................

पदः ............................

मोबाईल नं. :...............................

ईमेल :...............................

संस्थाको छापः

(अनलाईन सिफारिसकर्ताले दस्तखत र संस्थाको छापको स्क्यान कपी अपलोड गर्न सक्नुहुने छ ।समितिले आवश्यकताअनुसार स्थलगत अध्ययन गर्न सक्नेछ ।)

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय



CamScanner